# आर्थिक वर्ष २०७८/०७९ को
# नीति तथा कार्यक्रम

२०७८ साल असार १० गते

# डुङ्गेश्वर गाउँपालिका

## दैलेख

## कर्णाली प्रदेश

मानिनिय भौतिक पुर्वाधार मन्त्री ज्यू, उपस्थित गाउँसभा सदस्यज्यूहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यू हरु, सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यू हरु, विद्यालयका प्रधानाध्यापक ज्यूहरु, सुरक्षाकर्मी, पत्रकार मित्रहरु, लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,

आज यस गरिमामय गाउँसभामा **आ.व. २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम** प्रस्तुत गर्न गइरहेको छु । जनताको प्रतिनिधिमुलक यो गरिमामय सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवको अनुभुति गरेको छु । **"समावेशी दिगो विकासका पुर्वाधार, समृद्ध सुन्दर डुङ्गेश्वर गाउँपालिकाको आधार"** भन्ने मूल नारालाई आत्मसात गर्दै संविधानको मर्म र भावना अनुसार संघीय लोकतान्त्रीक गणतन्त्र कार्यान्वयन पक्षमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह बिचको सहअस्तित्व, समन्वय र सहकार्यमा डुङ्गेश्वर गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, एवंम भौतिक पूर्वाधार विकास, दिगो विकास र समृद्धिको लागि यस नवौं गाउँसभाले दिशा निर्देशित गर्नेछ ।

यस नवौं गाउँसभामा राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरु प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्न चाहान्छु, साथै अधिकार प्राप्तिका लागि विभिन्न आन्दोलन सहित प्रदेश आन्दोलनमा आफ्नो जिवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

संघीय सरकार, प्रदेश सरकार, र स्थानीय तहहरुले राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक विकासको क्रममा अगाडि बढ्दै गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको दोश्रो लहर (COVID-19 Phase -2) ले नेपाल त्यस भित्र डुङ्गेश्वर गाउँपालिका अछुत रहन सकेन । विगत २ (दुई) महिना देखि निषेधाज्ञाले जनजिवनलाई प्रभावित पारिरहेको छ । कोरोना भाईरसको दोस्रो लहर (COVID-19 Phase -2) परीक्षण गर्दा ६१ जनामा पोजिटिव देखिएकोमा पुन परीक्षण गर्दा संख्यात्मक रुपमा न्यूनिकरण आएको छ, साथै कोरोना भाईरस संक्रमणका कारण विदेशमा ज्यान गुमानुभएका यस गाउँपालिकाका नागरिकहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै, संक्रमित नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोरोना भाईरसको दोश्रो लहर (COVID-19 Phase -2) को रोकथाम नियन्त्रण, उद्धार, एवं सहयोग कार्यमा खट्नु हुने सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, जनप्रतिनिधि, नागरिक समाज, विभिन्न संघ संस्था लगायत सबैमा धन्यवाद दिन चाहन्छु ।

**"समावेशी दिगो विकासका पुर्वाधार, समृद्ध सुन्दर डुङ्गेश्वर गाउँपालिकाको आधार"** भन्ने मुल नारालाई मुर्त रुप दिनको लागि डुङ्गेश्वर गाउँपालिकाको प्राथमिकीकरणमा छनौट भएका कार्यक्रम कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानुनी व्यवस्था गर्दै लगिनेछ । नयाँ परियोजना तथा कार्यक्रमको हकमा सम्भाव्यता अध्ययन, लागत अनुमान तथा विस्तृत परियोजना प्रतिवेदनका आधारमा बजेट विनियोजन गरिनेछ ।

- ❖ डुङ्गेश्वर गाउँपालिकाले निर्माण गरेको आवधिक (पञ्च वर्षिय) योजना तथा रणनीतिक योजनाहरुलाई आत्मसात गर्दै केही योजनाहरुलाई आ.व. २०७८।०७९ मा समेटि कार्यान्वयनमा ल्याईनेछ ।
- ❖ संघीय सरकार र डुङ्गेश्वर गाउँपालिका बिचको लागत सहभागितामा सम्पन हुने बहुवर्षिय आयोजनाहरु प्रशासकीय भवन, कुइयाताल पर्यटकीय क्षेत्र र रक्चना खानेपानी आयोजना कार्यक्रमहरु यस आ.व.२०७८।०७९ मा सम्पन्न गरिनेछ ।

- ❖ प्रदेश सरकार र डुङ्गेश्वर गाउँपालिका बिचको साझेदारीमा सम्पन्न हुने १. सडक चुप्रा हेल्थपोष्ट बेलपाटा बलेना हुदै २ नं. वडा कार्यालय जाने बाटो र २. जडी कल्सेढुङ्गा सडक लाई यस आ.व. २०७८।०७९ मा बोलपत्र आह्वान गरी कार्यान्वयनमा ल्याईनेछ ।
- ❖ संघीय सरकार, प्रदेश सरकार र स्थानिय तह बिचको लागत सहभागितामा सम्पन्न हुने डुङ्गेश्वर बजारदेखि गाउँपालिका भवन सम्मको ८ कि.मि. सडक कालोपत्रे गर्ने कार्य यस आर्थिक वर्षदेखि प्रारम्भ गरिनेछ ।
- ❖ १० शैयाको अस्पताल निर्माणका लागि बहुवर्षिय बोलपत्र आह्वान गरी यस आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याईनेछ ।
- ❖ सामुदायिक अस्पताल संचालनका लागि आवश्यक जनशक्ति व्यवस्था गर्ने र थप जनशक्तिको लागि संघीय सरकारसँग दरबन्दी माग गरिनेछ ।
- ❖ प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई समेटिदै डुङ्गेश्वर गाउँपालिकाले सन्चालन गर्ने सम्पूर्ण विकास निर्माण कार्यमा एक घर  एक रोजगार कार्यक्रम संचालन गरिनेछ ।
- ❖ डुङ्गेश्वर जामुना सडक खण्ड र र्जसिचोक देउली कुइया सडक खण्ड स्तरबृद्धिका लागि प्रदेश सरकार र संघीय सरकार सँग समन्वय गरी अगाडि बढाईने नीति लिईनेछ ।
- ❖ डुङ्गेश्वर गाउँपालिका भित्रका पर्यटकीय एवं पुरातात्विक सम्पदाहरुको पहिचान गरी सम्बन्धीत निकायहरुमा समन्वय गरी सम्बर्द्धन र संरक्षण कार्यलाई प्रभावकारी बनाईनेछ ।
- ❖ डुङ्गेश्वर गाउँपालिका भित्र रहेको आदिबासी, जनजातिहरुको मातृभाषा उत्थानको लागि विद्यालय छनौट गरी पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ ।
- ❖ डुङ्गेश्वर गाउँपालिका भित्र रहेको आदिबासी, जनजातिहरुको लागि सांस्कृतिक संग्रहालय निर्माण गरिनेछ ।
- ❖ डुङ्गेश्वर गाउँपालिका भित्र रहेका दलित, पिछडिएका वर्गहरुका लागि थप आर्थिक आय आर्जनका कार्यक्रमहरु ल्याईनेछ ।
- ❖ गाउँपालिका स्तरीय प्रकोप/विपद व्यवस्थापन कोष मार्फत आर्थिक सहायतालाई थप प्रभावकारी बनाईनेछ ।
- ❖ ५५ वर्ष भन्दा माथिका एकल पुरुष, सम्बन्ध विच्छेद र ४५ वर्षमाथिका महिलाालाई दोहोरो नपर्ने गरी मासिक रुपमा एकल भत्ताको कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।
- ❖ खरमुक्त घर  कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।
- ❖ अध्यक्ष कोषलाई निरन्तरता दिईनेछ ।
- ❖ हेल्भटास नेपाल, एस. एन. भी. नेपाल, आशा आयोजना, महिला सशक्तिकरण मञ्च र गाउँपालिकाको लागत सहभागितामा एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ❖ कोरोना भाइरस (COVID-19 Phase-2 ) को मार, युवायुवतीलाई रोजगार  भन्ने नारालाई आत्मसाथ गरी कोरोना भाइरस (COVID-19 Phase-2) को महामारीको कारण विदेशबाट रोजगार गुमाई फर्किएका युवा युवतीहरुलाई उत्पादनमुलक कार्यक्रमसँग जोड्दै समग्र गाउँपालिकाको उत्पादनलाई वृद्धि गरिनेछ ।
- ❖ समग्र डुङ्गेश्वर बासीको वित्तिय पहुँच बृद्धि गर्न तथा वित्तिय सारक्षरता अभिवृद्धि गर्नको लागि **“एक घर एक खाता”** कार्यक्रम संचालनलाई थप प्रभावकारी गरी कार्यान्वयनमा ल्याईनेछ ।
- ❖ कोरोना भाइरस (Covidd-19 Phase-2) का लागि प्राप्त सहयोग सामाग्रीलाई एकद्वार

प्रणालीबाट गरिएकोमा सो कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- ❖ गाउँपालिकाले गरिने कामको लागि नीतिगत संरचना (ऐन, नियम, नियमावली, कार्यविधि, मापदण्ड) निर्माण गदै प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- ❖ संघीय सरकार, प्रदेश सरकार र डुङ्गेश्वर गाउँपालिका बीच बाझिएका ऐन, नियम, नियमावली, कार्यविधि, मापदण्डहरुलाई संशोधन गदै लगिनेछ ।
- ❖ यस गाउँपालिका भित्र उत्पादन हुने कच्चा पदार्थहरुको उपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- ❖ गाउँपालिकाको कार्यलाई थप प्रभावकारी बनाउनको लागि संस्थागत संरचना सर्वेक्षण अनुसार थप जनशक्तिको व्यवस्था गरिनेछ ।
- ❖ प्रत्येक योजनाहरुको कुल अनुदान रकममा ५ प्रतिशत कन्टेन्जेन्सी तथा एक प्रतिशत मर्मत संभार कोष रकम कट्टी गरी योजना सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- ❖ गाउँपालिका अर्न्तगत सञ्चालन गरिने सम्पूर्ण योजनाहरुको लागत सहभागिता हिस्सामा एकरुपता हुने गरि भवन निर्माणको काममा १० प्रतिशत,माटो सम्बन्धी काममा २० प्रतिशत र ग्राभेल सम्बन्धी काममा २० प्रतिशत लागत सहभागिता र ठूला मेशीन प्रयोग भएको कार्यमा १० प्रतिशत श्रमदान अनिवार्य हुनुपर्ने गरि योजना सञ्चालन गरिनेछ ।
- ❖ सडक मर्मत समूह (RMG) लाई निरन्तरता दिइनेछ ।
- ❖ गाउँपालिका भित्र संचालन हुने योजनाहरुलाई चुस्त दुरुस्त र पारदर्शी बनाउनका लागि कार्यविधि अनुसार अनुगमन तथा मुल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- ❖ विद्युत सेवा विस्तार एवं वडा नं. २ मा संचालित ग्रामिण सामुदायिक विद्युतीकरणलाई प्रभावकारी बनाउनको लागि आवश्यक जनशक्ति व्यवस्था गरिनेछ । .
- ❖ डुङ्गेश्वर गाउँपालिकालाई प्रविधिमैत्री बनाउनका लागि युवा युवतिहरुलाई सिपमूलक विकास तालिम संचालन गरिनेछ ।
- ❖ न्यायिक समितिबाट सम्पादन गरिने कार्यलाई चुस्त, दुस्तका साथै प्रत्येक वडाहरुमा मेलमिलापकर्ता सूचिकृत गरी कार्यसम्पादनमा सहयोग पुऱ्याईनेछ ।
- ❖ सबै वडा कार्यालयबाट न्याय सम्पादनका कार्यक्रम शुरु गरिनेछ ।
- ❖ पिछडिएका वर्ग, असाय, असक्तका लागि कानुनी सेवा प्राप्त गर्नका लागि सहजीकरण गरिनेछ ।
- ❖ वडा नं. १ मा औद्योगिक ग्रामको स्थापना गर्नका लागि (डि.पि.आर.) तयार गरी संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- ❖ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसकारी संघसंस्थाहरुलाई एकद्धार प्रणालीबाट कार्यक्रम संचालन गर्नका लागि आवश्यक रणनीति तयार गरिनेछ ।
- ❖ रेडक्रस सोसाईटी लगायत आपतकालिन एवं परोपकारी संघसंस्थाहरुको आवश्यक प्रबर्द्धन एवं संरक्षण गरिनेछ ।
- ❖ गरिबसँग विश्वेश्वर कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ
- ❖ गाउँपालिका स्तरिय मानवअधिकार कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- ❖ एफ.एम. संचालनको लागि संघीय सरकारसँग थप क्षमताका लागि पहल गरिनेछ ।
- ❖ साना जलविद्युत एवं मझौला जलविद्युत र वैकल्पिक उर्जा (सोलार, बायोग्यास, बायो उर्जा) आदिको सम्भाव्यता तथा विस्तृत अध्ययन गरी उज्यालो डुङ्गेश्वर अभियानलाई अगाडी बढाईनेछ ।
- ❖ डुङ्गेश्वर गाउँपालिकाको खानेपानी तथा सरसफाई रणनीतिक योजना तयार भईसकेकाले उक्त

रणनीतिलाई यस आर्थिक वर्ष देखी प्रभावकारी रुपमा संचालन गरिनेछ ।

- ❖ सबै वडाहरुलाई क्रमश : पूर्ण सरसफाई वडा घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ संघीय सरकारको स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारीका लागि असहाय, असक्त, गरिब हरुलाई आर्थिक सहयोग गरिनेछ ।
- ❖ गाउँपालिका अन्तर्गतका सहकारीहरुको भूमिकालाई प्रभावकारी बनाउन प्रबर्द्धनात्मक तथा संरक्षणात्मक कार्यक्रमहरु सञ्चालन गरी सूचिकृत गरिनेछ ।
- ❖ साझा सूचीमा रहेको वन तथा वातावरण संरक्षण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- ❖ खेल क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि गाउँपालिका स्तरीय खेलकुद विकास समितिलाई व्यवस्थित गरिनेछ ।
- ❖ एक वडा एक खेलकुद मैदान यसै आर्थिक वर्षमा निर्माण गरिनेछ ।
- ❖ गाउँपालिकाका कर्मचारीहरुको क्षमता बृद्धि गर्नका लागि अनुशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- ❖ सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनी व्यवस्था गरी बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ साथै जवाफदेहिता र उत्तरदायित्व बहन गरी पारदर्शितामा जोड दिनका लागि सार्वजनिक सुनुवाई र समीक्षा गरिनेछ ।
- ❖ लक्षितवर्ग कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- ❖ नक्सापास दस्तुरलाई व्यवस्थित गरिनेछ ।
- ❖ लघु उद्यम विकास कार्यक्रमलाई निरन्त्ररता दिइनेछ ।
- ❖ बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्त्ररता दिइनेछ ।
- ❖ वडा तहबाट छनौट भईआएका योजनाहरु संघ, प्रदेश सँग समन्वय गरी प्राथमिकताका आधारमा कार्यान्वयनको लागि नीतिगत रुपमा ल्याइनेछ ।
- ❖ यस गाउँपालिकामा कार्यरत शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिक बृद्धि गरिनेछ ।
- ❖ कार्यालयमा कार्यरत कर्मचारीलाई कार्य सम्पादनका आधारमा अतिरिक्त सेवा सुविधाका लागि नीति बनाई कार्यान्वयन गरिनेछ ।
- ❖ योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी कार्यान्वयनमा निरन्तरता दिइनेछ ।
- ❖ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।
- ❖ सामाजिक सुरक्षा भत्ता कमश बैंकिङ्ग प्रणालीबाट भुक्तानी गरिनेछ ।
- ❖ प्रत्येक वडाहरुबाट अनलाईन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।
- ❖ बाँकी रहेका व्यक्तिगत घटना किताबलाई डिजिटाईजेसन गरिनेछ ।
- ❖ कार्यालय संचालनका लागि आवश्यकताको आधारमा घरभाडा विनियोजन गरिनेछ ।
- ❖ सहिद, बेपत्ता, द्वन्द पिडित, प्राकृतिक प्रकोप र वैदेशिक रोजगारबाट फर्केका युवा युवतीहरुलाई सिप विकास तालिममा सहभागिता गराई रोजगारी सिर्जना गरिनेछ ।
- ❖ विद्युतको पहुच नपुगेको स्थानमा विद्युत विस्तार गरिनेछ ।
- ❖ झुलुङ्गे पुल कार्यक्रमलाई विस्तार गरिनेछ ।
- ❖ वडा नं. २ र ३ मा रहेका स्लेट (पथ्थर) खानीलाई व्यवस्थित गरी उद्योग संचालनको नीति

ल्याईनेछ ।

- ❖ स्थानीय सरकारको एकल कर अधिकार अन्तर्गत रहेको घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क, सेवा शुल्क, दण्ड जरिवाना जस्ता कर तथा गैर करहरुको दायरा विस्तार गर्न नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ ।
- ❖ बढी भन्दा बढी कर संकलन तथा आन्तरिक श्रोत बढाउनका लागि करको दायरालाई फराकिलो बनाइनेछ ।
- ❖ **"राजश्व सुधार कार्य योजना"** लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- ❖ डुङ्गेश्वर गाउँपालिकाका नागरिकहरुलाई लाभ पुऱ्याउने उद्देश्य लिई कुनै निजी, सरकारी र गैर सरकारी संस्था लगानी गर्न इच्छुक देखिएमा लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।
- ❖ डुङ्गेश्वर गाउँपालिका भित्र आ. व. २०७८।०७९ मा प्रतिष्ठान भवन निर्माण गर्ने नीति ल्याईनेछ ।
- ❖ समग्र गाउँपालिकाको वृत्रचित्र निर्माण गरिनेछ ।
- ❖ **शिक्षा तर्फः**
  - ○ डुङ्गेश्वर गाउँपालिकाको समग्र शिक्षा प्रणालीलाई दिशानिर्देश गर्न तथा व्यवस्थित बनाउन गाउँ शिक्षा योजना तयार पारिनेछ साथै पालिकाको समग्र शैक्षिक गतिविधिहरु समेटिने गरी शिक्षा पार्श्वचित्र तयार पारिनेछ ।
  - ○ शिक्षकलाई स्रोतपूर्ण बनाउन, पाठ्यक्रम शिक्षण सामाग्री तथा समय सान्दर्भिक बनाई विद्यालय शिक्षालाई सुचना प्रविधिसँग जोड्दै शैक्षिक विकासको गतिलाई स्तरोन्ती गर्नका लागि आगामी आर्थिक वर्ष २०७८।०७९ देखि क्रमश आई.सि.टि. व्यवस्थापनमा जोड दिईनेछ ।
  - ○ गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि शिक्षण सुधार योजना, विद्यालय सुधार योजना, शिक्षकलाई सकारात्मक सोच र पेडागोजीमा आधारित क्षमता विकासका लागि तालिम तथा कार्यशाला संचालन गरिनेछ ।
  - ○ गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न शिक्षकहरु पेसागत विकास तथा सहयोगका लागि विज्ञ समूहलाई पहिचान गरिनेछ ।
  - ○ विद्यालय शिक्षालाई प्रभावकारी बनाउन प्रत्येक विद्यालय कम्तीमा वर्षमा दुई पटक अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन तथा अन्तरक्रिया गर्ने कार्यलाई नियमित गराईनेछ साथै विद्यालय अनुमगन गर्दा प्रारम्भिक कक्षालाई प्राथमिकतामा राखिनेछ ।
  - ○ प्रारम्भिक कक्षाका बालबालिकाको पढाई र गणितीय सिप विकासका लागि विद्यालयको अतिरिक्त क्रियाकलापलाई अनिवार्यता गराई पालिका स्तरमा कम्तीमा एक पटक प्रतियोगितात्मक कार्यक्रम गर्नका लागि उत्पेरित गरिनेछ ।
  - ○ बालबालिकाको पोषण स्तरमा सुधार ल्याउन र शैक्षिक सत्र पूरा नगरी बीचमा नै कक्षा छाड्ने समस्या समाधान गर्न सामुदायिक विद्यालयका बालविकास कक्षा देखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई प्रधान गरिने दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।
  - ○ विद्यालय तहमा नतिजामूलक शैक्षिक मुल्याङ्कन प्रणाली अवलम्वन गरिनेछ ।
  - ○ आधारभूत तहको अन्तमा दिईने आधारभूत शिक्षा उत्तिर्ण परीक्षाको संचालन, व्यवस्थापन र नतिजा प्रकाशन गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
  - ○ गाउँपालिका भित्र संचालित सामुदायिक सिकाई केन्द्रहरुलाई थप प्रभावकारी र व्यवस्थित

बनाई सिपमूलक कार्यहरुमा परिचालन गरिनेछ ।

- कक्षा ८ को गाउँपालिका स्तरीय परीक्षामा  र कक्षा १२ को बोर्ड परीक्षामा उत्कृष्ट अङ्क ल्याउने एक छात्र र एक छात्रा लाई पुरस्कृत गरिनेछ ।
- यस गाउँपालिका भित्र संचालित आधारभूत तथा माध्यमिक विद्यालयका लागि आवश्यक थप दरबन्दी संघीय सरकार र प्रदेश संरकारसँग मागका लागि पहल गरिनेछ ।
- आवश्यकताको आधारमा शिक्षक तथा कर्मचारीहरुको दरबन्दी सिर्जना गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेका माध्यमिक विद्यालयहरुलाई व्यवसायिक शिक्षा प्रति उन्मुख गराइनेछ ।
- आवश्यकताको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरु मध्य एक विद्यालयलाई नमुना विद्यालय छनौट गरि पुरस्कृत गरिनेछ ।
- कृषि प्राविधिक शिक्षा अध्ययन गर्ने उत्कृष्ट छात्रछात्राहरुलाई छात्रवृत्ति प्रदान गरिनेछ ।
- कोटदेवल जनआर्दश क्यापस र कृषि प्राविधिक शिक्षालयलाई व्यवस्थित गरिनेछ ।
- शिक्षाको पहुच नपुगेका अपाङ्ग बालबालिकाहरुको लागि शैक्षिक कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- स्थानीय शैक्षिक सामाग्री मार्फत शिक्षण सिकाई क्रियाकलाप संचालन गर्नका लागि विद्यालयहरुलाई उत्पेरित गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिका अन्तर्गतका ५ देखि २५ वर्ष उमेर समुहका विद्यार्थीहरुलाई स्काउटमा समावेश गरी अनुशासित स्वावलम्बी, स्वयमसेवीभाव सहित गाउँपालिका निर्माण कार्य सक्रिय बनाईनेछ ।
- बालबालिकाहरुको अन्तरनिहित प्रतिभा पहिचान तथा प्रस्फुटन र सिकाइप्रति उत्पेरित गर्नका लागि पालिका स्तरिय तथा विद्यालय स्तरिय अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ ।
- प्रदेश सिपमूलक प्राविधिक शिक्षालयलाई संचालनका लागि आवश्यक सहजिकरण गरिनेछ ।
- कक्षा १० सम्म संचालित माध्यमिक विद्यालयलाई कक्षा १२ सम्म संचालनका लागि आवश्यक प्रक्रिया पुरा गरिनेछ ।

**❖ डुङ्गेश्वर गाउँपालिकाको पूर्वाधार विकास तर्फः**

- गाउँपालिका भित्रको मुख्य सडकहरुलाई गाउँपालिका र प्रदेश सरकारको समन्वयमा निर्माण तथा स्तरोन्नति गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिका भित्र निर्माण भएका र निर्माणाधिन खानेपानी तथा सरसफाई कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।
- गाउँपालिका भित्रको खानेपानी शाखालाई आवश्यक जनशक्ति उपलब्ध गराईनेछ ।
- डुङ्गेश्वर गाउँपालिकाबासीहरुलाई सहज रुपमा खानेपानीको पहुच पुऱ्याउनको लागि **"एक घर एक धारा"** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- भवन आचारसंहिताका आधारमा घर नक्सा पास गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
- डुङ्गेश्वर गाउँपालिका भित्र निर्माण हुने आयोजनाहरुको दररेट गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

- ○ डुङ्गेश्वर गाउँपालिका भित्र संचालन तथा निर्माण गरिने पुर्वाधारका कामहरुलाई दिगो विकास तथा वातावरणमैत्री बनाईदै लगिनेछ ।
- ○ गाउँपालिकाको सडक गुरुयोजनाको मापदण्ड र सडकको मापदण्ड अनुसार सडक निर्माण गर्न सम्बन्धित व्यक्तिहरुलाई निर्देशन गरिनेछ ।

❖ **"डुङ्गेश्वर गाउँपालिकाबासीलाई स्वस्थ जीवन, सुखी जीवन"** को नारालाई आत्मसात गदै सर्वसुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा र विशेषज्ञ सेवा प्रदान गर्न आवश्यक नीतिगत, कानुनी र संरचनागत व्यवस्थालाई प्रभावकारी बनाईनेछ ।

- ○ सामुदायिक स्वास्थ्य ईकाईहरुलाई आधारभूत स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्न पहल गरिनेछ ।
- ○ General स्वास्थ्य शिविर संचालनलाई निरन्तरता दिईनेछ ।
- ○ आधारभूत स्वास्थ्य चौकीहरुलाई आवश्यक औषधी तथा स्वास्थ्य उपकरणको व्यवस्था गरिनेछ ।
- ○ यस आ. व मा वडा नं. ६ मा बर्थिङ्ग सेन्टर स्थापना गरिनेछ । साथै गाउँपालिका भित्रका सबै बर्थिङ्ग सेन्टरलाई व्यवस्थित गरिनेछ ।
- ○ स्वास्थ्य स्वंयमसेवीकाहरुलाई प्रदान गरिदै आएको खाजा खर्चलाई निरन्तरता दिइनेछ ।
- ○ महिला स्वास्थ्य स्वंयमसेवीकाहरुका लागि प्रोत्साहन सहित विदाई कार्यक्रम ल्याईनेछ ।
- ○ एम्बुलेन्स सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाइनेछ ।
- ○ गर्भवती महिलासँग उपाध्यक्ष भेटघाट कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ○ **"जेष्ठ नागरिकको स्यहार सम्भार, घर दैलोमा उपचार"** भन्ने नारालाई आत्मासाथ गरी ८० वर्ष भन्दा माथिका जेष्ठ नागरीकहरुलाई घर दैलोमा पुगेर उपचार गरिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- ○ डुङ्गेश्वर गाउँपालिका भित्र रहेका कुपोषित बालबालिकाहरुको पहिचान गर्न अभियान संचालन गरिनेछ र कृपोषित बच्चाहरुको उपचार डाँडापराजुल स्वास्थ्य चौकीबाट गरिने व्यवस्था मिलाईनेछ ।
- ○ गाउँपालिका भित्र आवश्यक स्थानमा थप सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्न प्रदेश सरकारसँग पहल गरिनेछ ।
- ○ कोरोना भाईरस (COVID-19 Phase-2) बाट प्रभावित मातृशिशु तथा बालबालिकाहरुको लागि पोषण प्याकेजको व्यवस्था गरिनेछ ।
- ○ गाउँपालिका भित्र स्थापना भएका सबै खोप केन्द्रहरुबाट खोप सेवा संचालन मा ल्याउने व्यवस्था मिलाईनेछ ।
- ○ गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क क्याल्सियम उपलब्ध गराईनेछ ।
- ○ स्वास्थ्य संस्थाहरुलाई प्रविधिमैत्री बनाउदै लगिनेछ ।
- ○ आमा समूह तथा स्थानिय तहमा **"स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन अभियान "** संचालन गरिनेछ ।
- ○ प्रदेश सरकारसँग समन्वय गरी टेलिमेडिसियन (Tele Medician) सेवा संचालनमा ल्याईनेछ ।
- ○ ल्याब संचालनको लागि बाँकी ४ वटा वडाहरुमा ल्याब असिस्टेन र ल्याब सामाग्री सहितको व्यवस्था गरिनेछ ।

- ६ वटै वडाका स्वास्थ्य चौकीहरुमा अटो लाईटको व्यवस्था गरिनेछ ।
- वेलपाटा स्वास्थ्य चौकीलाई स्तरोनन्ति गरी प्राथमिक स्वास्थ्य केन्द्रका रुपमा विकास गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।

❖ **कृषि तथा पशु विकास तर्फः**

- कृषि सडक, साना सिचाई आयोजना, दुग्ध तथा मासु उत्पादन र बजारीकरणका लागि कृषि क्षेत्रविकास कार्यक्रम (ASDP) लगायत अन्य सरोकारवाला साझेदार निकायहरुसँग समन्वय गरी प्रभावकारी बनाईनेछ ।
- कृषि कार्यमा कृषकहरुलाई आकर्षित गर्नका लागि प्रदेश सरकार र स्थानीय तहको समन्वयमा कृषिमा आधुनिकीकरण, यान्त्रिकरण, विविधीकरण र बजारीकरण गर्न कृषि औजार तथा उपकरण वितरण गर्ने कार्यको थालनी गरिनेछ ।
- खेतीयोग्य बाँझो जमिनको सदुपयोग गर्नका लागि प्रदेश सरकारसँगको समन्वयमा भूउपयोग नीति लागु गरिनेछ ।
- कृषि तथा पशुजन्य पदार्थको उत्पादन बढाई बजारीकरणमा जोड दिईनेछ ।
- कृषिबालीमा देखिने आकस्मिक रोग र किराको व्यवस्थापन गर्न बाली संरक्षण सेवामा जोड दिइनेछ ।
- डुङ्गेश्वर गाउँपालिकाको वडा नं. ६ को डुङ्गेश्वर बजारमा र वडा नं. २ को देउलीमा हाट बजारको लागि बजेट व्यवस्थापन गरिनेछ । बाली बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- व्यवसायिक रुपमा च्याउखेती प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
- कृषकहरुका लागि उत्पादनशील तालिम संचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्थानहरुको पहिचान गरी फलफुल तथा तरकारी पकेट क्षेत्रलाई थप प्रभावकारी गराइनेछ ।
- मत्स्य विकास कार्यक्रम प्ररारम्भ गरिनेछ ।
- कृषि तथा पशु बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पशु नश्ल सुधार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- पशु पोषण सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पशु स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- संघीय सरकार र प्रदेश सरकारसँगको सहलगानीमा पशुपन्छी विकास कार्यक्रम संचालन गरिनेछ ।
- पशु खोप कार्यक्रम संचालनमा ल्याईनेछ ।
- एक वडा एक सामुदायिकक कृषि प्रसार सेवा केन्द्र संचालनमा ल्याईनेछ ।
- उत्कृष्ट कृषक तथा पशुपन्छी फर्मलाई प्रोत्साहन गर्ने कार्यक्रममा ल्याईनेछ ।

❖ डुङ्गेश्वर गाउँपालिकालाई सुचना तथा प्रविधिमैत्री बनाउनको लागि तपसिल बमोजिमका कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

- डुङ्गेश्वर गाउँपालिकालाई प्रविधिमैत्री बनाईनेछ ।
- वडाहरुमा कार्यरत वडा सचिव र सामाजिक परिचालकलाई थप सिपमूलक बनाई प्रविधि प्रणालीमैत्री बनाईनेछ ।

❖ **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फः**

- महिला उद्यमशीलता विकास कार्यक्रमलाई प्रभावकारी बनाई निरन्तरता दिईनेछ ।
- महिलाहरुको क्षमता विकासको लागि सचेतना मूलक कार्यक्रम संचालनमा ल्याइनेछ ।
- सुनौला हजार दिनका आमाहरुको लागि स्वास्थ्य पोषण सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा, आत्महत्या, जातिय विभेद तथा बालविवाह विरुद्धको सचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- जेष्ठ नागरिक तथा अपांगता भएका नागरिकहरुलाई परिचय पत्र वितरण शिविर संचालन गरिनेछ ।
- स्थानिय लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिनेछ ।
- अपांग डेक्स स्थापना गरी सिपमूलक, आय आर्जन सम्बन्धी कार्यक्रमहरु ल्याईनेछ ।
- ६ वटै वडाहरुमा रहेका विपन्न परिवार, एकल महिला, पिछडा वर्ग, अति गरिब महिलाहरुको लागि आय आर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।

डुङ्गेश्वर गाउँपालिकाको आ.व २०७८।०७९ को नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट डुङ्गेश्वर गाउँपालिकाको राजनीतिक, आर्थिक, भौतिक पूर्वाधार, सामाजिक र सांस्कृतिक तथा वातावरणीय क्षेत्रमा उल्लेख्य सुधार हुने कुरामा विश्वास लिएको छु । समाजलाई न्याय, समानता, स्वतन्त्रता र विकासतर्फ डोऱ्याउन यो नीति तथा कार्यक्रमले सहयोग गर्नेछ । यसको सफल कार्यान्वयनमा सरोकारवाला सबैको अर्थपूर्ण योगदानको अपेक्षा गरेको छु ।

अन्तमा प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा सल्लाह, सुझाव र योगदान गर्नु हुने संघीय प्रतिनिधी सभाका संसद ज्यू र प्रदेश सभाका माननीय मन्त्री ज्यू, प्रदेश सभाका माननीय सदस्य ज्यूहरु, गाउपालिका उपाध्यक्ष ज्यू, सम्पुर्ण वडाध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, बिषयगत संयोजक ज्यूहरु, स्थानीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, नागरिक समाज, सञ्चारकर्मी, कर्मचारी मित्रहरु, सम्पूर्ण सरोकारवाला तथा डुङ्गेश्वरबासीहरु प्रति हृदयदेखि आभार र कृतज्ञता प्रकट गर्दछु ।

**धन्यवाद ।**